नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२
यहाँ शुद्ध खसी र कुखुराको
मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
प्रतीक
दैनिक
prateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ असोज १८ गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 October 04 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४७

निजी बैंकद्वारा कर्मचारीहरूको श्रम शोषण, राति ८ बजेसम्म काम गराउँछन्

राधेश्याम पटेल, परवानीपुर, १७ असोज/

वीरगंजका बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीहरूको श्रम शोषण गरिरहेका छन्।

वीरगंज आदर्शनगरस्थित बैंकअगाडि सेवाग्राहीहरू । तस्वीरः प्रतीक

बैंक तथा वित्तीय संस्थामा काम गर्ने कर्मचारीहरूका अनुसार नेपाल राष्ट्र बैंकको उदासीनताका कारण बैंक तथा वित्तीय संस्थाहरूले कर्मचारीहरूको श्रम शोषण गरिरहेको गुनासो गरेका छन्। बैंकिङ नियम अनुसार बिहान साढे ९ देखि साँझ साढे ५ सम्म दैनिक ८ घण्टा काम गराउनुपर्ने निर्देशन रहे तापनि वाणिज्य बैंक, विकास बैंक र फाइनान्स जस्ता बैंक तथा वित्तीय संस्थाहरूले कर्मचारीको श्रम शोषण गरिरहेको बैंकर्सहरूले गुनासो गरेका छन्। "निर्धारित समयभन्दा दैनिक २–३ घण्टा बढी काम गर्नुपर्छ," वाणिज्य बैंकमा काम गर्ने एकजना कर्मचारीले भने, "काम गरेनौं भने कामबाट निकाल्ने धम्की दिइन्छन्, बैंकले बढी समय काम गरेबापत न ओभरटाइम भत्ता दिन्छ, न तलबभत्ता नै बढाउँछ।" कर्मचारीहरूका अनुसार बिहान ९ बजे घरबाट निस्केपछि घरमा कति बजे फर्किने हो निधो नै हुँदैन । साल तमामीको बेलामा त निकै तनावपूर्ण अवस्थामा काम गर्नुपर्ने बाध्यता रहेको पनि सबैजसो बैंकका कर्मचारीहरूको भनाइ छ।

बैंककै केही कर्मचारीका अनुसार बैंकमा काम गर्ने कर्मचारीहरूको सेवासुविधा राम्रो भएको भन्दै पेलेर काम गराउने गरेको तर्क गर्छन्। कर्मचारीहरूले ओभरटाइम काम गर्दा सोबापतको सेवासुविधा सम्बन्धित बैंकले उपलब्ध गराउनुपर्ने माग गरेका छन्। "यस विषयमा सबै बैंकका केन्द्रीय कार्यालय र नेपाल राष्ट्र बैंक गम्भीर बन्नुपर्छ," अर्का एक बैंकर्सले भने, "बढी समय काम गराउने बैंकले सेवासुविधा दिनुपर्ने राष्ट्र बैंकले नीति बनाउनुपर्छ।" बैंक तथा वित्तीय संस्थामा खासगरी तीन प्रकारका पदबाट जागीर शुरू हुन्छ। स्नातकोत्तर गरेकाले म्यानेजमेन्ट ट्रेनी, ट्रेनी असिस्टेन्ट र जुनियर असिस्टेन्ट पदबाट काम शुरू गर्छन्। शुरूमा बैंक तथा वित्तीय संस्थामा नवप्रवेशीको रूपमा जागीर शुरू गर्दा २० हजारदेखि २५ हजार रुपैयाँसम्म बैंक हेरी तलब दिइन्छ भने सहायक पदमा काम गर्दा ४० हजार रुपैयाँसम्म मासिक तलब हुन्छ। त्यसैगरी, शाखा प्रबन्धकको तलबभत्ता बैंकको स्तर अनुसार ७० हजारदेखि दुई लाख रुपैयाँसम्म मासिक हुने गरेको बैंकर्सहरू बताउँछन् । वीरगंजमा मात्र क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थामा करीब एक हजारभन्दा बढी कर्मचारीको बैंकद्वारा श्रम शोषण भइरहेको बुझिएको छ।

यस विषयमा बैंकर्स एशोसिएशन अफ वीरगंजका अध्यक्ष नितेश खड्गीले आफूले पनि यस्तो समस्याबारे सुनेको र अबको बैठकमा यसबारे छलफल गरी केन्द्रीय एशोसिएशनमा जानकारी गराइ समस्या समाधानको लागि पहल गर्ने बताए । "सधैं त होइन, तर बैंकको कामको लोड अनुसार कर्मचारीहरूले केही घण्टा बढी काम गर्नुपर्छ," उनले भने ।

"सालतमामीबाहेक अन्य समयमा धेरै ढिलो नगर्न पनि हामीले भनेका छौं," नेपाल राष्ट्र बैंक वीरगंजका क्षेत्रीय निर्देशक डा राजनकृष्ण पन्तले बताए। उनले बैंक तथा वित्तीय संस्थासँगको सम्झौता अनुसार कर्मचारीहरूले काम गर्ने गरेको र यदि कसैको गुनासो आएमा आफूहरूले सम्बन्धित बैंकलाई कारबाही प्रक्रिया अगाडि बढाउने बताए। तर बैंकबाट निकालिने चेतावनीका कारण बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूले खुलेर श्रम शोषणको विरोध नगर्ने गरेको बताइन्छ।

राष्ट्र बैंक वीरगंजले एक अर्बको नयाँ नोट बाँड्यो

प्रस, परवानीपुर, १७ असोज/

नेपाल राष्ट्र बैंक क्षेत्रीय कार्यालय वीरगंजले दुई सातामा करीब एक अर्ब नयाँ नोट वितरण गरेको जनाएको छ।

तस्वीरः प्रतीक

दशैं, तिहार तथा छठ नजीकिंदै जाँदा राष्ट्र बैंकको नीति अनुसार दुई सातादेखि क्षेत्रीय कार्यालय वीरगंजले नयाँ नोट वितरण शुरू गरेको हो ।

अहिले आवश्यकता अनुसार बैंक र सर्वसाधारणलाई जनही साढे १८ हजार बराबरको नयाँ नोट उपलब्ध गराइरहेको नेपाल राष्ट्र बैंक क्षेत्रीय कार्यालय वीरगंजका क्षेत्रीय निर्देशक डा राजकृष्ण पन्तले बताए। उनले बैंकलाई मार्फत र सर्वसाधारणसँग नगद लिएर सटही भइरहेको बताए । उनले दैनिक करीब डेढ करोडभन्दा बढी नयाँ नोट वितरण भइरहेको बताए ।

नेपाल राष्ट्र बैंकले पछिल्लो दुई वर्षमा कोरोना महामारीको कारण आवश्यकता अनुसारको नयाँ नोट वितरण गर्न सकेको थिएन। तर यसपालि कोरोना महामारी कम भएकोले सहजै वितरण भइरहेको छ। नेपाल राष्ट्र बैंक क्षेत्रीय कार्यालय वीरगंजले पर्सा, बारा, रौतहट, मकवानपुर र चितवनका बैंकहरूलाई नयाँ नोट वितरण गर्ने तथा नियमन गर्ने गरेको छ।

बहुमत सदस्यद्वारा गरुडाको नगरसभा बहिष्कार

राकेश यादव, रौतहट, १७ असोज/

रौतहटको गरुडा नगरपालिकाका बहुमत सदस्यहरूले नगरसभा बहिष्कार गरेका छन् । आइतवार भएको छैटौं नगरसभा उपप्रमुखसहित २६ जना कार्यपालिका सदस्यले बहिष्कार गरेका छन् । लामो समयदेखि बेथिति रहेको गरुडा नगरपालिकामा ४६ मध्ये २६ कार्यपालिका सदस्यले नगरसभा बहिष्कार गरे ।

नगरसभाका लागि बसेको बैठकका सहभागीहरू । तस्वीरः प्रतीक

नगरसभाबारे नगरप्रमुख र निमित्त प्रमुख प्रशासकीय अधिकृतले दुईथरीका सूचना जारी गरेका थिए। निमित्त प्रमुख प्रशासकीय अधिकृत महमद मुस्ताक आलमले प्रक्रिया नपुगेको भन्दै नगरसभा स्थगितको सूचना जारी गरेका थिए भने नगरप्रमुख इन्नुराय यादवले नगरसभा हुने सूचना जारी गरेका थिए ।

नगरसभा सञ्चालन हुनुभन्दा पहिले सम्पन्न हुनुपर्ने विभिन्न समितिहरूको बैठक नबसेको, बैठकबाट कुनै निर्णय नभएको र आवश्यक तयारी समेत नपुगेको भन्दै नगरसभाका सदस्य सचिव (निमित प्रमुख प्रशासकीय अधिकृत)ले नगरसभा स्थगित गरेकोमा नगरप्रमुखका छोरा अनिलले जबरजस्ती नगरसभा गराएको वडाध्यक्ष चुनचुन प्रसादले आरोप लगाए ।

"नगरप्रमुख यादवका छोरा नगरपालिकाको कार्यालय सहायक पदमा नियुक्त छन् र अहिले उनैले नगरपालिका चलाइरहेको वडाध्यक्ष चुनचुने बताए । उनले नगरप्रमुखको छोराले सडक बनाउने नाममा रु १४ करोड विभिन्न चरणमा निकासा लिएको तर सडक बनाएको विवरण नदिएर करोडौं मूल्यको अनियमितता गरेको बताए । यसैगरी। कृषि तथा शिक्षामा पनि व्यापक भ्रष्टाचार भएको उनले बताए ।

बहुमत नगरसभाका सदस्यहरूको विरोधका बीच भएको नगरसभालाई उपप्रमुख रङ्गिला जयसवालले गैरकानूनी भनेकी छन् ।

नगरपालिकाले गर्ने नगरसभाको जानकारी उपप्रमुखलाई हुलाकमार्फत पत्र पठाएर गराएकोप्रति आपत्ति प्रकट गर्दै उपप्रमुख जयसवालले नगरसभालाई कुनै पनि दृष्टिकोणबाट वैध मान्न नसकिने प्रतिक्रिया दिइन् ।

स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थासम्बन्धी आदेश–२०७४ मा उपप्रमुखलाई सम्बन्धित कार्यपालिकाको न्यायिक समितिका संयोजक, योजना अनुगमन मूल्याङ्कन समितिका संयोजक, राजस्व बजेट परामर्श समितिका संयोजक, विकास बजेट सिलिङ गर्ने समितिका संयोजकलगायतका अधिकारहरू दिएपनि नगरपालिकामा सबै काम प्रमुख आफैंले गर्ने गरेको उनको आरोप छ ।

नगरसभा बहिष्कार गरेको उपप्रमुखको समूहले सभालाई अमान्य घोषित गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलगायतका निकायमा पत्राचार गरेको छ ।

समयमैं श्रम अडिट गरौं ।
जिम्मेवार प्रतिष्ठानको
परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अख्तियारविरुद्ध वीरगंजमा जसपाको प्रदर्शन

प्रस, वीरगंज, १७ असोज/

जनता समाजवादी पार्टी नेपाल पर्साले अख्तियार दुरुपयोग अनुसन्धान आयोगविरुद्ध वीरगंजमा विरोध प्रदर्शन गरेको छ ।

"सङ्घीयता, सुशासन, समृद्धि, समाजवाद"
जनता समाजवादी पार्टी, नेपाल
अख्तियारको छापामार शैलीको विरुद्ध
"विरोध कार्यक्रम"
मिती:२०७८/०६/१७
आयोजक:- जनता समाजवादी पार्टी नेपाल पर्सा
स्वाती स्टोर

प्रदेश नं २ का मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापामारी गरेको विरुद्धमा जसपा पर्साले शनिवार मशाल जुलुस निकालेको थियो भने आइतवार विरोध प्रदर्शन र सभा गरेर अख्तियारको कारबाई पूर्वाग्रहीपूर्ण भएको बताए ।

जसपा पर्साका अध्यक्ष रामनरेशप्रसाद यादवको अध्यक्षतामा घण्टाघरबाट शुरू भएको विरोध प्रदर्शन माईस्थान, आदर्शनगर, घडीअर्वा हुँदै घण्टाघरमा कोणसभा गरी समापन भएको थियो ।

विरोध प्रदर्शनमा सहभागीहरूले अख्तियार मुर्दाबाद, सङ्घीयता मास्न पाइँदैन, छापामार शैली चल्दैन, मुख्यमन्त्री हाम्रा गौरव हुन्लगायतका नारा लगाएका थिए ।

कोणसभामा प्रदेशसभा सदस्य करिमा बेगमले अख्तियारको छापामारी गैरकानूनी भएको बताइन् । उनले विपक्षीबाट प्रभावित भएर अख्तियारले मुख्यमन्त्रीको 'बेटी पढाउ, बेटी बचाउ' अभियानलाई बदनाम गर्नका लागि अख्तियारले सुनियोजित षड्यन्त्रले छापामारी गरेको आरोप लगाइन् ।

विरोधसभामा मधेस प्रदेश समिति सदस्य मदनप्रसाद चौहान, समाजवादी मुस्लिमका केन्द्रीय अध्यक्ष मौलाना नुरुल होदा, प्रदेशसभा सदस्य सिंहासन साह कलवार, जसपाका केन्द्रीय सदस्यहरू टेकबहादुर शाक्य, मोहनलाल चौधरीलगायतले अख्तियार पूर्वाग्रही भएको बताए । उनीहरूले मधेसी समुदायको त्याग र बलिदानीबाट प्राप्त उपलब्धिहरू सहन नसकेर सङ्घीयता मास्न खोजेको आरोप लगाए । भ्रष्टाचारको मुख्य स्रोत नै अख्तियार दुरुपयोग अनुसन्धान आयोग भएको बताउँदै वक्ताहरूले अख्तियारको संरचनागत परिवर्तन हुनुपर्ने माग गरेका थिए । कार्यक्रममा पोखरिया नगरपालिकाकी उपप्रमुख सलमा खातुनले स्वागत र सचिव तबरेज अहमदले सहजीकरण गरेका थिए ।

विचारसार र सूक्तिहरू

तिमीले थोरै जानेका छौ भने धेरै ज्ञान भएको भ्रम हुन्छ। तर धेरै जानेका छौ भने ज्ञान थोरै मात्र जानेको अनुभूत हुन्छ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

फूटबल प्रतियोगिता र विकृति

मुलुकको ठूलो पर्व दशैं नजीकिँदै गर्दा गाउँ–गाउँमा जताततै फूटबलकै रौनक छ। हुनत शहरमा पनि प्रतियोगिता नहुने होइन तर ती अधिकांश पूर्व निर्धारित तालिका वा नियमित कार्यक्रम अनुसार हुन्छ। ग्रामीण क्षेत्र तथा शहरोन्मुख क्षेत्रहरूमा टोल, वडा स्तरदेखि पालिकास्तरसम्म फूटबल प्रतियोगिताहरू भइरहेका छन्। दशैं–तिहारको अवसरमा फूटबल तथा खेल प्रतियोगिता आयोजना गर्ने हाम्रो परम्परा नै बनेको छ। खेलकूद प्रतियोगिता युवाहरूको सहभागिता विना सम्भव छैन। विगतमा युवाहरू गाउँ शून्य पारेर लाहुर जान्थे। भारतीय सेनादेखि पञ्जाबमा ज्यामी काम गर्ने नेपाली युवालाई घर फर्कदा लाहुरे भनिन्थ्यो। कतिपय युवा आफ्नै देशको विभिन्न स्थानमा ज्याला, मजदूरीका लागि निस्कन्थे। उनीहरू घर फर्कने टुङ्गो भनेको दशैं–तिहार थियो। पर्व शुरू हुन थालेपछि गाउँमा युवाको आगमन शुरू हुने र पर्व सकिँदै जाँदा गाउँ रित्तिँदै जान्थ्यो। युवाको मुख्य आगमनको समय पारेर दशैं–तिहारको बेला खेलकूद आयोजना गर्ने चलन हाम्रा पूर्वजहरूले शुरू गरेका हुन्। वर्षभरि शून्य रहने गाउँका खेल मैदानहरू आज पनि पर्व नजीकिँदै गर्दा चहलपहल बाक्लिँदै यौवन उन्मुक्त देखिन्छन्।

फूटबल खेलले अन्तर्राष्ट्रिय जगत्मा हाम्रो मुलुकको सान उँचो पारेको छ। विगत केही वर्षदेखि फूटबल क्षेत्रमा नेपाली खेलाडीहरूको प्रदर्शन सुधारोन्मुख छ। 'अनुशासन, विकास र गतिशीलता' मुख्य नारा बोकेको खेलकूद क्षेत्र आफैंमा पनि मित्रता बढाउने माध्यम हो। खेलकूदकै माध्यमबाट विभिन्न मुलुकसँग मैत्रीपूर्ण सम्बन्ध स्थापित हुँदै राष्ट्रिय राजनीति र परराष्ट्र सम्बन्ध सुधारमा पनि टेवा पुग्ने गर्छ। खेलकूदले स्वस्थ, अनुशासित र प्रतिबद्ध नागरिक निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। यसले समाज तथा राष्ट्रको उन्नति, प्रगतिमा प्रत्यक्ष लाभ पुऱ्याइरहेको हुन्छ। खेल प्रतिभा प्रस्फुटन गराउन स्थानीयस्तरका खेलकूद प्रतियोगिताले मालीको भूमिका निर्वाह गर्छ।

पवित्र उद्देश्यको ग्रामीण खेलकूदमा पछिल्लोपटक भने केही विकृति देखा पर्न थालेको छ। गाउँ–घरमा आयोजना गरिने फूटबल प्रतियोगितामा राम्रो खेल आयोजना होस्, भन्दा अरूले ईर्ष्या गर्ने, सकभर बिथोली दिने एवं प्रतियोगिता आयोजनामा भाँजो हाल्ने क्रियाकलाप भइरहेको पाइन्छ। खेलकूद प्रतियोगिता आयोजनालाई जाति, धर्म, क्षेत्र र राजनीतिसँग जोडेर जुगाँको लडाइँ बनाउने प्रवृत्ति भित्रिँदै छ। स्वस्थ खेलकूद प्रतियोगितामा हारेका टिमले जित देखेको हुन्छ। हरेक हारबाट नयाँ पाठ, सीप र दक्षता हासिल हुने हुँदा उसको लागि हार पनि जित हो। तर हाल भइरहेका प्रतियोगिताहरूमा उपलब्धिभन्दा जित्नै पर्छ भन्ने मानसिकताका कारण प्रतियोगी टिमहरूले बौरो खेलाडी खरीदमा आँखा चिम्लेर रकम खर्च गरिरहेका छन्। राष्ट्रिय र स्थानीयस्तरको खेलकूदलाई एउटै नजरले हेर्नुहुँदैन। गाउँ टोलस्तरका टिमहरूले पनि बौरो तथा विदेशी खेलाडी खरीद गरेर खेलाइरहेका छन्। यसले खेलकूद प्रतियोगितालाई जुवा खेलको रूपमा रूपान्तरण गर्ने खतरा रहन्छ। साथै स्थानीय प्रतिभा प्रस्फुटन हुन पाउँदैन। टिमहरूले खर्च गरेको रकम उठाउनै पर्ने हुँदा धाँधली र झगडाको बीजारोपण भइरहेको छ। यसतर्फ सम्बन्धित र सरोकारवाला पक्षले समयमा सचेत भई सुधार गर्नु जरुरी छ। अनि मात्र यस्ता खेल आयोजनाहरूको सार्थकता प्रस्टिन्छ।

स्वतन्त्रता : सीमाविहीन वा सीमाबद्ध

शिक्षा नेपाल

अनन्तकुमार लाल दास

anantlaldas@gmail.com

> **वर्तमानको आवश्यकता भनेको व्यक्तिगत स्तरबाहेक वैश्विकरूपमैं विद्यमान मानसिकतामा परिवर्तन ल्याउनु हो किनभने यो मानवताको सर्वोच्च शिखरमा पुग्न बाधक बनिरहेको छ। वैश्वीकरणको यस युगमा स्वतन्त्रताको स्वरूप कहीं न कहीं विकृत भएको छ।**

"कहीं उडने दो परिंदे कहीं उगने दो दरख्त/हर जगह एक सा बाजार न होने पाए।" निदा फाजलीको यो पङ्क्ति प्रगति र स्वतन्त्रताबीच सुन्दर समन्वयलाई अभिव्यक्त गर्दछ। स्वतन्त्रता एउटा आत्मनिष्ठ विषयवस्तु हो जसको परिभाषामा एउटा मानिस अनुसारको भिन्नता पाइन्छ। फ्रान्सिसी दार्शनिक रूसोको अनुसार 'आम सहमतिको अर्थ नै स्वतन्त्रता हो।' त्यहीं भारतीय लेखक अमर्त्य सेनका अनुसार 'विकास मानिसलाई प्राप्त हुने स्वतन्त्रताको विस्तार मात्र हो।'

प्रायः स्वतन्त्रताको अर्थ मानिसले आफूखुशी गर्न पाउने भनिन्छ। मानिसका लागि स्वतन्त्रता कति महत्त्वपूर्ण छ भन्ने कुरा इतिहासका पानामा खुलेर बयान गरिएको छ। विश्व इतिहासलाई खोतल्दा के प्रस्ट हुन्छ भने स्वतन्त्रता प्राप्तिको क्रममा विश्वका कैयन देशलाई यसको लागि ठूलो मूल्य चुकाउनुपरेको थियो। चाहे अमेरिकाको स्वतन्त्रता आन्दोलन होस् वा अफ्रिकी देशहरूको वा नेपालकै एकतन्त्री शासन तोड्ने कुरा किन नहोस् सबैको स्वतन्त्रता सङ्घर्षको इतिहास निकै लामो छ। नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने स्वतन्त्रता प्राप्तिका लागि धेरै मानिसले आफ्नो ज्यान गुमाएका छन् जसमा धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, शुक्रराज शास्त्री, लखन थापाजस्ता कैयन युवा सामेल थिए।

हाम्रा स्वतन्त्रता सेनानीहरूलाई स्वतन्त्रता प्राणभन्दा बढी प्यारो रहेको कुराको प्रमाण हामीसँग पहिलेदेखि नै रहेको छ। नेपाली स्वतन्त्रताको इतिहासमा वि.पी.कोइराला, मदन भण्डारी, गणेशमान सिंह, पुष्पलाल श्रेष्ठ, कृष्णप्रसाद भट्टराई आदि नेताहरूको नाम सुनौलो अक्षरमा लेखिएको छ जसले आफ्नो राष्ट्रको हितलाई आफ्नो स्वार्थभन्दा माथि राखेका थिए। नालापानीको युद्धमा नेपाली महिलाहरूले प्रदर्शित गरेको वीरता आज पनि स्वतन्त्रता सङ्ग्राममा महिलाहरूको भूमिकाको रूपमा प्रस्तुत गरिन्छ।

स्वतन्त्रताको महत्त्व हेर्दा के भन्न सकिन्छ भने यसको आवश्यकता जति मानिसलाई छ त्यत्तिकै पशुपक्षी र अन्य प्राणीहरूलाई पनि हुन्छ। पिंजडामा कैद पक्षीले जब अरू पक्षीहरूलाई आकाशमा विचरण गरेको हेर्दछ, त्यसबेला उसलाई स्वतन्त्रताको मूल्य थाहा हुन्छ। स्वतन्त्रताको मूल्य एउटा गुलाम मानिसभन्दा बढी कसैलाई थाहा हुँदैन।

यस सन्दर्भमा भारतीय कवि शिवमङ्गल सिंह सुमनको प्रसिद्ध पङ्क्तिको स्मरण हुन आउँछ–"हम पंछी उन्मुक्त गगन के पिंजरबद्ध न गा पाएँगे/कनक तीलियों से टकराकर पुलकित पंख टूट जाएँगे/हम बहता जल पीने वाले मर जाएँगे भूखे–प्यासे/कहीं भली है कटुक निबोरी कनक–कटोरी की मैदा से।"

स्वतन्त्रताको महत्त्व मात्र मानिस र पशुपक्षीहरूको लागि नभई यसको राम्रो उदाहरण रूखबिरुवाहरूको सन्दर्भमा पनि हेर्न सकिन्छ। जब रूखबिरूवाको प्रजातिलाई स्वतन्त्रता प्रदान गरिन्छ तब विशाल वनजङ्गल र अनगिन्ती प्रजातिको उत्पत्ति हुन्छ। उसको स्वतन्त्रता बाधित गरेर घर–आँगनमा गमलामा रोप्दा त्यसको विस्तार नभई मात्र घर–आँगनको शोभा बढाउने काम आउँछ। भन्न के खोजिएको हो भने स्वतन्त्रताको महत्त्व धेरै हुन्छ र त्यो प्रत्येकको सर्वोत्तम विकासको लागि आवश्यक छ।

यदि स्वतन्त्रताको आवश्यकताको कुरो गर्ने हो भने स्वतन्त्रता नै त्यो साधन हो जसबाट नयाँ विचार, रचनात्मकता, प्रतिदिन नयाँ सिर्जना, जीवनको प्रभावकारिता र विकासको सर्वोच्च पथको विकास हुन्छ। वर्तमान समयमा धेरै राष्ट्रहरू परिश्रमबाट हासिल स्वतन्त्रताले गर्दा नै प्रगतिको सर्वोच्च शिखरमा विद्यमान छन्। जब कुनै कलाकार, अभिनेता वा वैज्ञानिकलाई आफ्नो विचारलाई मूर्त रूप दिने स्वतन्त्रता प्राप्त हुन्छ तब इतिहासको सिर्जना हुन्छ।

स्वतन्त्रताको कैयन रूप हुन सक्छ–जस्तै आर्थिक स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता, सामाजिक स्वतन्त्रता आदि। स्वतन्त्रताका यी सबै रूपहरू मात्र व्यक्तिको लागि नभई देशको सर्वाङ्गीण विकासका लागि आवश्यक हुन्छ। यदि एउटी महिलाले स्वतन्त्रता पाउँछिन् भने उसको रूपान्तरण विद्यादेवी भण्डारी वा साहना प्रधान वा अनुराधा कोइरालाको रूपमा हुन्छ र जापानजस्तो सानो देश पनि सफलताको शिखरमा पुग्न सक्छ। नेपालमा पनि यहाँका नागरिकहरूलाई संविधानद्वारा आर्थिक, राजनीतिक, सामाजिक तथा धार्मिक स्वतन्त्रता प्रदान गरिएको छ। तर ध्यान दिनुपर्ने कुरो के हो भने एउटा व्यक्तिको अधिकार वा उसको स्वतन्त्रता अन्य व्यक्तिको अधिकार वा उसको स्वतन्त्रताका लागि बाधक हुनुहुँदैन। यो त्यस बेला मात्र सम्भव हुन्छ जब स्वतन्त्रतालाई अनुशासनको सीमामा सीमित गरिन्छ किनभने असीमित स्वतन्त्रताले जीवन र सामाजिक व्यवस्थामा अवरोध पुऱ्याउँछ।

एउटा विद्यार्थीलाई नक्कल गर्ने छुट कहिल्यै दिन सकिन्न। राजनैतिक दलहरूलाई अनैतिक क्रियाकलाप गर्ने स्वतन्त्रता दिन सकिन्न। ओखतिको गलत उपयोगलाई बढावा दिन मिल्दैन र आपराधिक प्रवृत्तिका मानिसहरूलाई असामाजिक गतिविधि गर्न छूट दिन सकिन्न। यसको लागि राज्यद्वारा नियम र कानूनको व्यवस्था गरिन्छ। यस कारण संविधानमा अधिकार सँगसँगै दायित्वको पनि प्रावधान राखिएको छ। कसैले सही भनेको छ–"दूसरों के लिए अजार न हो पाए/आदमी इतना भी खुद्दार न हो पाए।"

स्वतन्त्रताको सीमाबारे कुरा गर्दा हामी के पाउँछौं भने विभिन्न वैज्ञानिक अनुसन्धानको प्रयोग र परीक्षण गर्दा पनि त्यो अनुसन्धान मानवजातिको विनाशको कारण नबनोस् भनेर एउटा नैतिक सीमा निर्धारण गरिन्छ। आज परमाणु र हालसम्म जैविक हथियार कोभिड–१९ बाट त्रसित विश्वलाई जोगाउन विज्ञानसम्बन्धी स्वतन्त्रताको पनि सीमा हुनुपर्ने वर्तमानको माग हो अन्यथा यस प्रकारको विकासको मूल्य मानवता र सृष्टिको विनाशबाट चुकाउनुपर्छ।

यस प्रकारको स्वतन्त्रतालाई सीमित गर्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय न्यायालय एवं कानूनको स्थापना गरिएको छ। विश्वयुद्धको भयावह परिणामलाई हेरेर देशहरूले आफ्नो स्वतन्त्रताको सीमा पहिचान गर्न सकून् भन्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको स्थापना भयो। पर्यावरण सम्बन्धमा मानिसद्वारा स्वयंको हत्या गर्ने प्रयासलाई हेरेर UNEP, UNFCC जस्ता संस्थाहरू अस्तित्वमा आयो। वैश्विक व्यापार असन्तुलन रोक्न WTO जस्ता अन्तर्राष्ट्रिय संस्थाको स्थापना भयो।

यसरी के भन्न सकिन्छ भने स्वतन्त्रता मात्र व्यक्ति, समाज र राष्ट्रिय स्तरमा महत्त्वपूर्ण नभई व्यक्तिगत स्तर र मानसिक शान्तिको लागि पनि त्यत्तिकै आवश्यक छ। लौकिकरूपमा हामी शारीरिक स्वतन्त्रता हेर्न सक्छौं तर मानसिक स्वतन्त्रता नदेखिने भएकोले सधैं पर्दा पछाडि रहन्छ। मानसिको स्वतन्त्रतालाई शारीरिक स्वतन्त्रताभन्दा माथिको स्वतन्त्रता मान्न सकिन्छ किनभने कैयन पटक मानिस स्वतन्त्र देखिए तापनि मानसिकरूपले परतन्त्र नै हुन्छ। कुरीतिको रूपमा वा अन्धविश्वासको रूपमा वा रूढिवादी सामाजिक रीति–रिवाजले घेरिएको हुन्छ। कहिलेकाहीं यो घातक पनि हुन्छ किनभने यो मानिसको मस्तिष्कमा हुन्छ, जसलाई कानूनद्वारा पढ्न सकिँदैन।

वर्तमानको आवश्यकता भनेको व्यक्तिगत स्तरबाहेक वैश्विकरूपमैं विद्यमान मानसिकतामा परिवर्तन ल्याउनु हो किनभने यो मानवताको सर्वोच्च शिखरमा पुग्न बाधक बनिरहेको छ। वैश्वीकरणको यस युगमा स्वतन्त्रताको स्वरूप कहीं न कहीं विकृत भएको छ। यसको उदाहरण आज हामीले आतङ्कवाद, क्षेत्रवाद, दुर्जेय रोगहरू, संहारक युद्ध र हाल कोभिड–१९ को रूपमा हेरिरहेका छौं। वर्तमान समयमा यस स्थितिबाट छुटकारा पाउन माथिबाट लादिएको अनुशासनको अपेक्षा आत्मानुशासनयुक्त स्वतन्त्रता आवश्यक छ। कोभिड–१९ को यस परिस्थितिमा यस्तै आत्म अनुशासन ल्याउने प्रयास गरिएको हो–मास्क लगाउने, हात मिलाउनुको साटो नमस्कार गर्ने, दुई मीटरको दूरी राख्ने आदि। किनभने हाम्रो असीमित स्वतन्त्रता अरूको जीवनको लागि हानिकारक बन्न सक्छ। विकासको यस अन्ध–दौडमा केही छिन भए पनि अडेर सिंहावलोकन गर्नुपर्छ किनभने त्यसबेला पनि केही मानिस स्वतन्त्र थिए भने केही गुलाम थिए तर आजको जस्तो गुलाम मानसिकता थिएन। आज चन्द्रमासम्म पुग्ने होडमा आफ्नै मानिसहरू धरातलबाट माथि उठ्न सकेका छैनन्। स्वतन्त्रता यस्तो हुनुपर्छ जसमा सबै स्वतन्त्र रहून् र एक अर्कालाई स्वतन्त्र हेर्ने चाहना राखून्।

उद्योगलाई छेलोखेलो बिजुली दिने प्राधिकरणको तयारी

रमेश लम्साल, काठमाडौं, १७ असोज/रासस

माग गर्दा पनि बिजुली नपाएको भनेर लामो समयदेखि गुनासो गर्दै आएका उद्योगी–व्यवसायीलाई नेपाल विद्युत् प्राधिकरणले मागेजति विद्युत् उपलब्ध गराउने भएको छ।

नेपाल विद्युत प्राधिकरण
NEPAL ELECTRICITY AUTHORITY
Head Office, Durbarmarg

प्राधिकरणको प्रणालीमा झन्डै दुई हजार मेगावाट बिजुली उपलब्ध छ। तोकिएको लक्ष्य अनुसार काम भएको खण्डमा चालू आवमा नै थप एक हजार ३०० मेगावाट बढी बिजुली उपलब्ध हुन्छ। त्यसो हुँदा प्रणालीमा तीन हजार ३०० मेगावाट बराबर बिजुली प्रवाह हुन्छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार हाल रातको समयमा झन्डै ४०० मेगावाट बिजुली जगेडा रहन्छ। यसो भन्नुको अर्थ त्यति बिजुली खेर गइरहेको छ। यस्तै दिनमा पनि झन्डै २५० मेगावाटसम्म बिजुली जगेडा रहन्छ। प्राधिकरणले बढी भएको बिजुली भारत निकासीको प्रयास नगरेको होइन, तर नेपालमा आउन दिने, भारतमा निकासी हुन नसकेको अवस्थामा प्राधिकरणले देशभित्रै बिजुलीको खपत बढाउन लागेको हो।

जानकारका अनुसार एक युनिट बिजुली लगानी गर्दा झन्डै रु ९० देखि रु १०० बराबर आर्थिक उपार्जन हुन जान्छ। यस आधारमा बिजुलीलाई कच्चा पदार्थको रूपमा समेत लिइन्छ। उद्योगी व्यवसायीका अनुसार बिजुलीको सहज उपलब्धताले अर्थतन्त्रमा बहुआयामिक प्रभाव पर्दछ। प्राधिकरणले अब १३२ केभी क्षमताका प्रसारण लाइनमार्फत उद्योगी तथा व्यवसायीले मागे अनुसार बिजुली उपलब्ध गराउने भएको छ। त्यसका लागि के कति मात्रामा बिजुली चाहिएको हो भनेर आवेदन दिनसमेत भनिएको छ।

वर्षाको समयमा नेपाल बिजुलीमा आत्मनिर्भर भइसकेको छ। आगामी डेढ वर्षभित्र हिउँदमा समेत आत्मनिर्भर हुने अवस्थामा पुगेको छ। प्राधिरकणले हाल वर्षाको समयमा देशमा विद्युत्को मागभन्दा उत्पादन बढी भई, खेर जाने अवस्था सिर्जना भएको भन्दै उद्योगीलाई थप बिजुली उपलब्ध गराउन सकिने उल्लेख गरेको छ। प्राधिकरणले २२० केभी र ४०० केभी क्षमताका प्रसारण लाइन निर्माण गरिरहेकोले १३२ केभीलाई पनि वितरण लाइनमा विस्तार गर्न चाहेको हो। यही असोज १४ गते विद्युत् विकास विभागले आयोजना गरेको विद्युत् महसुलसम्बन्धी सार्वजनिक सुनुवाइका क्रममा समेत कार्यकारी निर्देशक घिसिङले अब १३२ केभी क्षमताका प्रसारण लाइनमार्फत उद्योगीलाई गुणस्तरीय बिजुली उपलब्ध गराइने जानकारी दिएका थिए।

बिजुलीको सहज उपलब्धता बढ्दै गई आत्मनिर्भर बनेको अवस्थालाई ध्यानमा राखेर देशभित्रै बिजुलीको खपत बढाउन कार्ययोजनाका साथ अगाडि बढेको

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घको साधारणसभा
प्रतिस्थापन बजेट निजी क्षेत्र मैत्री छैन –वरिष्ठ उपाध्यक्ष ढकाल

प्रस, जीतपुर, १७ असोज/

सरकारले निजी क्षेत्रलाई बाहिर राखेर नीति बनाउने गरेकोले उद्योगी –व्यवसायीले समस्या भोग्नुपरेको नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले बताएका छन् ।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घको दोस्रो साधारणसभाका प्रमुख अतिथि वरिष्ठ उपाध्यक्ष ढकालले सरकारले ल्याएको प्रतिस्थापन बजेटमा गरिएको व्यवस्था निजी क्षेत्र मैत्री नरहेको बताए । सरकारले ल्याएका कतिपय नीतिले निजी क्षेत्रको ढाँड सेक्ने काम गरेको उनको भनाइ छ ।

वरिष्ठ उपाध्यक्ष ढकालले पछिल्लो समय प्लास्टिक सिटको आयातका विषयमा सरकारले गरेको व्यवस्थाका कारण नेपाली व्यवसायीको सयौं कन्टेनर सीमामा अलपत्र परेको बताए। उनले सरकारले निजी क्षेत्रसँग जोडिएका नीति बनाउँदा सम्बन्धित पक्षसँग परामर्श लिन आग्रह गरे । सरकारले बनाउने नीतिले दीर्घकालीन महत्त्व राख्ने भएकाले सम्बन्धित पक्षसँगको परामर्शमा नीति बन्नुपर्ने उनले बताए ।

उनले नेपाल सरकारले गर्नुपर्ने काममा निजी क्षेत्रले सामाजिक उत्तरदायित्वमार्फत योगदान गरिरहेकाले सरकारले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने बताए। वरिष्ठ उपाध्यक्ष ढकालले वीरगंज–पथलैया औद्योगिक करिडोरका उद्योगको संरक्षण र विकासमा सरकार गम्भीर बन्नुपर्ने सुझाव दिए। मुलुकको कुल राजस्वमा बढी महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको यस करिडोरका उद्योगका लागि आवश्यक सडक, ढल जस्ता न्यूनतम पूर्वाधारको विकासमा पनि राज्यको ध्यान नपुगेकोमा उनले दुःखेसो पोखे ।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघ
दोस्रो साधारण सभा
जीतपुरसिमरा उपमहानगरपालिका-७, जीतपुर, बारा
प्रमुख अतिथि
श्री चन्द प्रसाद ढकाल
BUSINESS HUB
तस्वीरः प्रतीक

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश २ का अध्यक्ष गणेश लाठले सरकारले वीरगंज–पथलैयालाई औद्योगिक करिडोरको मान्यता नदिंदा स्थानीयवासी र उद्योगीबीच सधैं विवाद हुने गरेको बताए। सरकारले औद्योगिक क्षेत्र वा बसोबास क्षेत्र छुट्टयाइ दिनुपर्नेमा त्यसो गर्न नसक्दा समस्या भइरहेको लाठको तर्क थियो। उद्योगी–व्यवसायीले राजस्व र रोजगारमा पुऱ्याएको योगदानको बदलामा सरकारले एउटा धारासमेत जडान नगरेको उनले आरोप लगाए ।

कार्यक्रममा संविधानसभा सदस्य शोभाकर पराजुली, उद्योग वाणिज्य सङ्घ कलैयाका अध्यक्ष राजकुमार साह, वडाध्यक्ष रामबाबू गुप्तालगायतले साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण महासचिव शिवजी साह सोनारले गरेका थिए ।

साधारणसभाले नयाँ नेतृत्व चयन गर्नेछ। नगर उद्योग वाणिज्य सङ्घको विधान अनुसार वरिष्ठ उपाध्यक्ष मोहन शर्मा लामिछाने स्वतः अध्यक्ष भएका छन् ।

बाँकी वरिष्ठ उपाध्यक्षसहित अन्य पदाधिकारी सदस्य चयनका लागि निर्वाचन प्रक्रिया शुरू भएको छ। तीन महीनापछि पदाधिकारी सदस्यहरू चयनका लागि निर्वाचन गराइने जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष सञ्जयकुमार साहले बताए ।

ढुङ्गाको पर्खाल लगाउँदै सार्वजनिक जमीन हड्प्नेलाई कारबाई भएन

प्रस, निजगढ, १७ असोज/

ढुङ्गाको पर्खाल लगाउँदै सार्वजनिक जमीन हड्पेका व्यक्तिलाई कारबाई नगरेर स्थानीय सरकार मौन बसेको छ। निजगढ नगरपालिका–१० लालको सीमामा जमीन अतिक्रमण भएको दुई वर्ष पुग्यो । निजगढ नगरपालिका र सम्बन्धित वडा भने आँखामा पट्टी बाँधेर र कानमा तेल हालेर बसेको स्थानीय बासिन्दाको आरोप छ ।

बकैया गाउँपालिका
तपाईलाई हार्दिक स्वागत गर्दछ ।
HEARTLY WEL-COME TO BAKAIYA RURAL MUNICIPALITY
सार्वजनिक जग्गा हड्प्नका लागि लगाइएका ढुङ्गाको पर्खाल । तस्वीरः प्रतीक

बाराको निजगढसँग सीमा जोडिएको मकवानपुर जिल्लाको बकैया गाउँपालिका वडा नं ६ भालुखोलानजीकै चुरेमा बसोवास गर्दै आएका सुमन सिंह लोप्चनले ढुङ्गाको पर्खाल लगाएर दुई बिघाभन्दा बढी सार्वजनिक जमीन अतिक्रमण गरेका छन् । उनले जग्गा अतिक्रमण गरेको कुरा घाम जत्तिकै छर्लङ्ग भएको लालका बासिन्दाहरूको दाबी छ । तर अतिक्रमणको दुई वर्ष भइसक्दा पनि नगरपालिकाले कुनै कारबाई गरेको छैन ।

साबिक हटिया गाविस हाल बकैया गाउँपालिका–६ अन्तर्गत लोप्चनको नाउँमा रहेको कित्ता नं १५२९ र १५३० को साँधमा बारा निजगढको सार्वजनिक जमीन छ। लोप्चनले आफ्नो कित्ताभन्दा बाहिरको जमीन कब्जा गरेको नक्शा र जग्गाको क्षेत्रफल नाप्दा स्पष्ट हुन्छ । उनले जग्गाधनी पुर्जाको नापनक्शा क्षेत्रफलभन्दा करीब दुई बिघा सार्वजनिक जमीन हड्प्दै ढुङ्गाको पर्खाल लगाएका छन् ।

४०–५० मिटर चौडाइ र दुई सय मिटरभन्दा बढी लम्बाइ रहेको निनपा लालतर्फको सार्वजनिक जमीन लोप्चनले हड्पेको स्थानीयको आरोप छ । यस सम्बन्धमा निनपा–१० का अध्यक्ष पद्मबहादुर मोक्तानसमेत मौन रहेको भन्दै लालका बासिन्दाहरू आक्रोशित बनेका छन् ।

सो जमीनको विषयमा वन कार्यालय, प्रदेश वनमा समेत कुरा पुगिसकेकोले उपल्लो निकायबाटै छिनोफानो हुने वडाध्यक्ष मोक्तान बताउँछन् । यस सम्बन्धमा वडाध्यक्षले हालसम्म खुलेर नबोलेको र आफ्नो स्पष्ट धारणासमेत नराखेको हुँदा वडाध्यक्षसमेत शङ्काको घेरामा रहेको लालका एक युवकले प्रतीकलाई बताए। “वडाध्यक्ष मौन रहनुमा ठूलै भूमाफियाको संलग्नता हुन सक्ने अनुमान छ,” ती युवकले भने ।

वन सम्बन्धमा लोप्चन विवादित व्यक्ति हुन् । उनले यसअघि पनि चुरे डाँडाको निजी जमीन सम्याउने बहानामा डाँडा नै गायब हुने गरी एक्साभेटरले उत्खनन गर्दै ढुङ्गा बिक्री गरेका थिए । वन तथा वन पैदावार एवं अतिक्रमित भूमिबाट पैसा कमाउने र उक्त रकमबाट जनप्रतिनिधि, स्थानीय गन्यमान्य, टाठाबाठाको मुखमा लोप्चनले बुझो लगाउने गरेको लालका बासिन्दाले बताएका छन् । अतिक्रमित जमीनको विषयमा स्थानीय अगुवाहरूले चुँ शब्दसमेत बोल्ने गरेका छैनन् ।

सो क्षेत्रमा यतिबेला जमीन हड्प्नेहरू एकजुट भएका छन्। लोप्चनले अतिक्रमण गरेको जमीन फिर्ता गर्दा आफूहरूले अतिक्रमण गरेको सार्वजनिक जमीनसमेत फिर्ता गर्नुपर्ने हो कि भन्ने त्रासका कारण उनीहरू अतिक्रमणकै पक्षमा उभिएको स्थानीय सञ्चारकर्मीहरूको विश्लेषण छ । माओवादी द्वन्द्वताका र पछिल्लो समय लालको पूर्वतर्फ वन क्षेत्रको २० बिघाभन्दा बढी जमीन अतिक्रमण गरी बस्ती नै बसेको छ ।

लोप्चनले आफ्नो जमीनमा घेराबार गर्ने बहानामा सार्वजनिक जमीन आफ्नो घेराभित्र पारेपछि, लालबकैया खोलाको मुहान रहेको सिंचाइको कुलोसम्म कालान्तरमा सहजरूपमा जान आउन समस्या पर्ने भन्दै लालबकैया कृषक सिंचाइ उपभोक्ता संस्था लालले सबडिभिजन वन कार्यालय रतनपुरीमा उजूरी दिएको थियो । सो उजूरीपछि विवाद चर्कने देखेपछि लोप्चनले सिंचाइको मुहानसम्म जानका लागि ६ मिटर चौडाइको बाटो दिने कागजी सहमति गरेका थिए । उक्त सहमतिपछि लालबकैया कृषक सिंचाइ उपभोक्ता संस्था चुप बसेको छ। अतिक्रमणविरुद्ध बोल्ने संस्थालाई चुप गराउन सफल भएपछि लोप्चनको झन् मनोबल बढेको छ ।

सो जमीनको विषयमा कार्यालयमा उजूरी आएको हुँदा प्रमाण पेश गर्न लोप्चनलाई पत्राचार गरेसँगै केही प्रमाण पेश गरे पनि थप प्रमाण भने उनले अझै पेश नगरेको सबडिभिजन वन कार्यालय रतनपुरीका प्रमुख रविकान्त श्रीवास्तवले बताए। “जग्गाको आवश्यक कागजातसँगै नक्शा ल्याउन भनेका छौं। दुई वर्ष हुन लाग्यो। थप कागज प्रमाण दिएको छैन,” सडिव प्रमुख श्रीवास्तवले भने ।

यस विषयमा निजगढ नगरपालिकालाई समेत आफूले बारम्बार जानकारी दिए पनि नगरपालिकाले अहिलेसम्म कुनै प्रतिक्रिया नदिएको सहायक वन अधिकृत श्रीवास्तवको भनाइ छ ।

अर्कोतर्फ अतिक्रमित क्षेत्र आफ्नोमा पर्ने मकवानपुरको बकैया गाउँपालिकाको दाबी छ । बकैया गाउँपालिका वडा नं ६ को क्षेत्र निजगढ–१० लालको सिमानासँग जोडिएकोले सो भूभाग बकैया गाउँपालिकाको रहेको सो गाउँपालिकाका अध्यक्ष दामोदर खनालले दाबी गरेका हुन् । सो गाउँपालिकाले त्यस स्थानमा गाउँपालिकाको साइन बोर्डसमेत राखेको छ ।

अतिक्रमित जमीनबाट पूर्व–दक्षिणतर्फ करीब ३/४ सय मिटर टाढाबाट निजगढ हुँदै काठमाडौं जोड्ने द्रुतमार्ग गएको छ । सो जमीनलाई अतिक्रमण गरी करोडौं रकम आर्जन गर्ने मनसायले लोप्चनसँग ठूलै गिरोह सक्रिय भएको समाचार स्रोतको दाबी छ ।

बैतडीमा स्क्रब टाइफसको जोखिम बढ्यो, ४५ जनामा सङ्क्रमण

बैतडी, १७ असोज/रासस

जिल्ला अस्पताल बैतडीमा हाल दैनिकरूपमा ‘स्क्रब टाइफस’का बिरामी



फेला पर्न थालेका छन् । अस्पतालमा आउने बिरामीमध्ये दैनिक एक/दुई जनामा स्क्रब टाइफस देखिन थालेको अस्पतालका सूचना अधिकारी हरिश पन्तले जानकारी दिए ।

उनले भने, “पछिल्लो केही दिनदेखि अस्पतालमा उपचारका लागि आउने बिरामीमध्ये दैनिक एक/दुई जनामा स्क्रब टाइफस पोजेटिभ देखिन थालेको छ ।” पछिल्लो समय दिन प्रतिदिन यहाँ स्क्रब टाइफसका बिरामी देखिन थालेपछि यस रोगको जोखिम बढ्दै गएको जिल्ला अस्पताल बैतडीका प्रमुख डा वसन्तराज जोशीले बताए ।

“अस्पतालले ज्वरोका प्रत्येक बिरामीमा स्क्रब टाइफसको परीक्षण गरिरहेको छ,” उनले भने, “केही स्क्रब टाइफसका बिरामीलाई अस्पतालमा भर्ना नै गरेर उपचार गर्नुपर्ने अवस्था रहेको छ,” उनले भने, “दैनिकरूपमा नै देखिनुले यसको जोखिम निकै बढी देखिएको छ, यसबाट बच्न जरुरी छ।” जिल्ला अस्पतालमा बढीजसो भाइरल ज्वरोका बिरामी उपचारका लागि आउने गरेका छन् ।

अस्पतालका सूचना अधिकारी पन्तका अनुसार विगतका वर्षमा फाट्टफुट्ट मात्र देखिए पनि यो वर्ष स्क्रब टाइफसका बिरामीको सङ्ख्या बढेको छ । गत साउनदेखि हालसम्म जिल्लामा ४५ जनामा सङ्क्रमण देखिसकेको छ। उनले भने, “वर्षायामको शुरूबाटै बिरामीको सङ्ख्या बढेको छ, साउनदेखि हालसम्म ४५ जनामा स्क्रब टाइफस पुष्टि भइसकेको छ ।”

जिल्लाका सबै स्थानीय तहबाट आएका बिरामीमा स्क्रब टाइफस देखिने गरेको छ । त्यसमध्येबाट पनि सदरमुकामस्थित दशरथचन्द नगरपालिका र दोगडाकेदार गाउँपालिकाबाट उपचारका लागि जिल्ला अस्पतालमा उपचारका लागि आएका बिरामीमा बढी यो रोग देखिएको सूचना अधिकारी पन्तले बताए ।

बर्सात्मा पानीका मुहान सफा नहुँदा पानीजन्य रोग देखा पर्ने गरेको स्वास्थ्यकर्मीले बताएका छन्। यो समयमा किर्नालगायतका कीराले टोक्ने भएकाले स्क्रब टाइफसका बिरामी पनि देखिने गरेका अस्पतालका प्रमुख डा जोशीले बताए ।

उनले भने, “पशुचौपाया घुलमिल हुँदा किर्नाले टोक्ने त्यसपछि स्क्रब टाइफस देखिने गरेको छ, स्क्रब टाइफसले ज्यानै लिन सक्ने भएकाले परीक्षणको दायरा बढाएर उपचार गरिरहेका छौं ।”

कोभिडसँग मिल्दोजुल्दो लक्षण

यसैबीच, नेपाल सरकारले कोभिड–१९ सँग मिल्दोजुल्दो लक्षण भएको स्क्रब टाइफस रोग देखिन थालेको जनाएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विज्ञप्ति जारी गर्दै कोभिड–१९ का लक्षणसँग मिल्दोजुल्दो रोग स्क्रब टाइफस देखिन थालेकाले उक्त रोगसँग सचेत रहनसमेत अनुरोध गरेको छ ।

कोभिड–१९ जस्तै स्क्रब टाइफसमा मानिसलाई उच्च ज्वरो आउनु, आँखा रातो हुनु, खोकी, बान्ता, पेट दुखाइ र पखालाले सताउनु, सास फेर्न समस्या हुनु, धेरै टाउको दुख्नु, जोर्नी र मांसपेशी दुख्नु, बिमिरा देखिनु, टोकेको ठाउँमा कहिलेकाहीं कालो दागजस्ता लक्षण देखिने गर्दछ ।

स्क्रब टाइफस ‘ओरिन्सिया सुसुगामासी’ जीवाणुले सङ्क्रमित एक प्रकारको सानो किर्नाको टोकाइबाट मानिसमा सर्ने रोग हो। स्क्रब टाइफसले मस्तिष्क, कलेजो, फोक्सोलगायतमा सङ्क्रमण र कहिलेकाहीं बहुअङ्ग विकार (मल्टी अर्गन डिसफक्सन)को अवस्था पनि सिर्जना हुन सक्नेछ। मन्त्रालयले कोभिड–१९ सँग मिल्दोजुल्दो भएकाले कोभिड–१९ परीक्षण गर्दा नेगेटिभ आए पनि स्क्रब टाइफसको परीक्षण गर्न अनुरोध गरेको छ ।

के हो स्क्रब टाइफस ?

स्क्रब टाइफस रोग मुसाको कानमा वा अन्य जीवजन्तुमा हुने सङ्क्रमित किर्नाले मानिसलाई टोकेपछि सर्ने गर्दछ । समयमा नै रोगको पहिचान गरी औषधि सेवन गरे रोग निको हुने गर्दछ । यसको समयमा नै उपचार नगरे यसले गम्भीर रूप लिन सक्ने स्वास्थ्यकर्मीले बताएका छन् ।

बच्ने उपाय

किर्नाको टोकाइबाट बच्न खेत, झाडी वा वनजङ्गलमा जाँदा लामो बाहुला भएको कपडा र उपयुक्त जुत्ता लगाउने र शरीरका खुला भागमा कीटनाशक मलमको प्रयोग गर्ने, घरवरिपरिका खेतबारीमा घाँस धेरै बढ्न नदिने र वातावरण सफा राख्ने, मुसा नियन्त्रणका लागि उपयुक्त किसिमको अन्न भण्डारण गर्नुपर्ने जनाइएको छ ।

अनअराइभल भिसाले बढ्यो पर्यटक सङ्ख्या

काठमाडौं, १७ असोज/रासस

नेपालमा पछिल्लो दिनमा पर्यटक आगमनमा झिनो सुधार देखिएको छ। कोभिड-१९ महामारीको जोखिमका बीच सरकारले विदेशी पर्यटकका लागि लागू गरेको नयाँ व्यवस्थाका कारण पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव परेको हो।

विशेषगरी सरकारले विदेशी पर्यटकलाई 'अनअराइभल भिसा' को व्यवस्था गरेपछि पर्यटक आगमनमा सकारात्मक प्रभाव परेको नेपाल पर्यटन बोर्डले जनाएको छ।

बोर्डले उपलब्ध गराएको तथ्याङ्क अनुसार अङ्ग्रेजी वर्षको सेप्टेम्बर महीनामा विदेशी पर्यटक आगमन झन्डै दोब्बर बढेको छ। सेप्टेम्बर महीनामा झन्डै १० हजार पर्यटक आएका छन्। अगस्तमा पाँच हजार हाराहारी पर्यटक आएका थिए।

बोर्डको विवरणमा सेप्टेम्बर महीनामा नौ हजार ९७४ विदेशी पर्यटक नेपाल आएका छन्। उक्त महीना नेपालबाट ६ हजार ९४२ विदेशी बाहिरिएका छन्। यो सङ्ख्या हवाईमार्ग भएर नेपाल भित्रिएका पर्यटकको मात्रै हो। अघिल्लो महीना ५९१९ विदेशी पर्यटक नेपाल भित्रिएका थिए।

सरकारले विदेशी पर्यटकका लागि गरेको नयाँ व्यवस्थाले यस क्षेत्रमा प्रभाव परेको र विदेशी पर्यटक आगमनमा झिनो भए पनि सुधार आएको बोर्डका निर्देशक मणिराज लामिछानेले बताए। उनले भने–

बागलुङको बेलवामा पिङ खेलेर रमाउँदै पर्यटक। तस्वीरः रासस

"विदेशी पर्यटकका लागि अनअराइभल भिसाको व्यवस्थाले यसको आकर्षण सकारात्मक छ, पर्यटकको आगमन बढेको देखिन्छ, यसले आगामी याममा विदेशी पर्यटक बढ्ने देखिन्छ।"

सन् २०२१ को नौ महीनामा ७६ हजार ९१३ विदेशी पर्यटक नेपाल भित्रिएका छन्। यो सङ्ख्या वर्षको जनवरीदेखि सेप्टेम्बर महीनासम्मको हो।

कोभिड महामारीले विदेशी पर्यटक आगमनमा ह्रास आयो। सन् २०२० को सेप्टेम्बरमा जम्मा ५४८ पर्यटक नेपाल आएका थिए। कोभिडपूर्व सन् २०१९ को सेप्टेम्बर महीनामा ९२ हजार ६०४ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

कोभिड महामारीको सबैभन्दा धेरै असर मुलुकको पर्यटन क्षेत्रमा परेको छ। विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत विदेशी पर्यटकको सङ्ख्या बढ्न नसकिरहेको अवस्थामा पछिल्लो सरकारी व्यवस्थाले पर्यटक आगमनमा सकारात्मक सुधार आएको बोर्डको बुझाइ छ। महामारीबीच सानै सङ्ख्यामा भए पनि विदेशी पर्यटक नेपाल आएका थिए।

अघिल्लो महीनाको तुलनामा विदेशी पर्यटकको सङ्ख्या दोब्बर बढ्नुले नेपालको पर्यटनमा सुखद भएको विश्लेषण गरिएको छ।

यही ५ गतेको मन्त्रिपरिषद् बैठकले नेपाल आउने विदेशी पर्यटकका लागि अनअराइभल भिसाको व्यवस्था गर्नाका साथै खोपको मात्रा पूरा गर्ने पर्यटकलाई होटल क्वारेन्टिनको व्यवस्था हटाएको थियो।

बोर्डका निर्देशक लामिछानेले अनअराइभल भिसाको प्रभावले अघिल्ला महीनाको तुलनामा पर्यटक बढेको बताए। यो व्यवस्थालाई सरकारका निकायबीच प्रभावकारी समन्वय गरेको खण्डमा आगामी याम पर्यटनका लागि सुखद हुने उनको भनाइ छ। नेपालले यो सन्देशलाई अन्तर्राष्ट्रिय स्रोत बजारमा व्यापकरूपमा फैलाएको खण्डमा पर्यटक आगमन बढ्ने व्यवसायीको भनाइ छ।

नेपाल एसोसिएशन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष अच्युत गुरागाईं पनि विदेशी पर्यटकको आगमन सहज तुल्याउन सरकारले गरेको पछिल्लो व्यवस्थाले सकारात्मक प्रभाव परेको बताउँछन्।

अन्तर-सरकारी निकायबीच प्रभावकारी समन्वय बनाएर गन्तव्य प्रवर्द्धन र अन्तर्राष्ट्रिय बजारीकरणमा जुटेको खण्डमा नेपालको पर्यटन क्षेत्रले फड्को मार्ने उनको भनाइ छ। "खोप लगाएर आएका पर्यटकको सहज आगमनका लागि गरिएको व्यवस्था स्वागतयोग्य छ, यसले नेपालबारे सकारात्मक सन्देश जान्छ"–उनले भने।

ट्रेकिङ एजेन्सिज एसोसिएशन अफ नेपाल (टान) का अध्यक्ष खुमबहादुर सुवेदीले पर्यटकका लागि सरकारले गरेको नयाँ व्यवस्थाले विश्व बजारमा सकारात्मक सन्देश गएको भन्दै यसको प्रभावकारी कार्यान्वयनमा जोड दिए।

बोर्डका अनुसार सन् २०२० मा दुई लाख ३० हजार विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। सन् २०१९ मा ११ लाख ९७ हजार १९१ विदेशी पर्यटक नेपाल घुम्न आएका थिए।

वीरगंज बसपार्कमा यात्रु सहायता कक्ष सञ्चालन

प्रस, वीरगंज, १७ असोज/

तस्वीरः प्रतीक
प्रभु हस्पिटल
स्वास्थ्य शिविर
प्रभु हस्पिटल एण्ड रिसर्च
समुदाय-प्रहरी साझेदारी
Community-Police Partnership
६६ औं प्रहरी दिवस २०७८ तथा नेपालीहरूको
महान चाड वडा दशैं शुभ दिपावली
र छठ पर्वको उपलक्ष्यमा
चालकको स्वास्थ्य परिक्षण शिविर
यात्रु सहायता कक्ष उद्घाटन

चाडपर्वलाई लक्षित गरेर वीरगंज बसपार्कमा जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले यात्रु सहायता कक्ष सञ्चालन गरेको छ।

बसपार्कमा आइतवारदेखि सञ्चालनमा आएको यात्रु सहायता कक्षको निमित्त प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, २ नं प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले संयुक्तरूपमा उद्घाटन गरेका थिए।

कक्ष उद्घाटन समारोह स्थलमा प्रभु अस्पताल र वीरगंज सामुदायिक आँखा तथा दाँत अस्पतालको प्राविधिक सहयोगमा चालक, सहचालकलगायतको स्वास्थ्य परीक्षण गरिएको थियो।

प्रभु अस्पतालको टीमले मधुमेह, रक्तचाप परीक्षण गरेको थियो भने वीरगंज सामुदायिक आँखा अस्पतालले आँखा परीक्षण गरेको थियो। स्वास्थ्य शिविरमा करीब २५० जनाको स्वास्थ्य परीक्षण गरिएको व्यवस्थित वीरगंज अभियानका संयोजक दिलीपराज कार्कीले बताए।

एक महीने ब्युटिशियन तालीम शुरू

प्रस, वीरगंज, १७ असोज/

तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका-७ वडा कार्यालयको आर्थिक सहयोगमा आइतवारदेखि वडाका महिलाहरूलाई एक महीने ब्युटिशियन तालीम आयोजना गरिएको नेपाल सीप विकास परामर्श केन्द्रका अध्यक्ष विपिन उपाध्यायले बताए।

ब्युटिशियन तालीमको वडाध्यक्ष वसन्त अग्रवालले उद्घाटन गरेका थिए। सो अवसरमा उनले वडाका महिलाहरूलाई सीप सिकाएर रोजगारमा लगाउने योजना रहेको प्रस्ट्याए।

सो तालीम नेपाल सीप विकास परामर्श केन्द्रले आयोजना गरेको र तालीममा वडाका ३० जना महिला सहभागी रहेको केन्द्रका अध्यक्ष उपाध्यायले बताए।

प्रहरी दिवसको अवसरमा जनचेतना कार्यक्रम

प्रस, निजगढ, १७ असोज/

तस्वीरः प्रतीक

६६औं प्रहरी दिवसको अवसरमा जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ बाराले आइतवार जनचेतनामूलक कार्यक्रम गरेको छ।

दशैं, तिहार, छठ पर्व नजीकिंदै गर्दा भीडभाड बढी हुने र कोरोना सङ्क्रमणको अवस्था अझै पूर्णरूपमा नियन्त्रणमा आइनसकेको अवस्थामा 'तपाईंको मास्क खोइ ? तथा प्रभातफेरी कार्यक्रमका साथै जनचेतनामूलक कार्यक्रम गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढका ट्राफिक प्रहरी निरीक्षक विपिन ओझाले बताए।

हाटबजार, चोक, चौतारा, पसल, सपिङ मलहरूमा भीडभाड बढ्दै छ। तर कतिपय मानिस विनामास्क हिंड्डुल गरिरहेकाले प्रहरी दिवसको अवसरमा जनचेतनामूलक कार्यक्रम गरिएको उनले बताए। शहीदचोकबाट निस्किएको र्‍याली राजमार्ग हुँदै बुद्धचोक पुगी पुनः शहीदचोकमा पुगेर कार्यक्रम समापन गरिएको थियो। उक्त कार्यक्रममा विभिन्न राजनीतिक दल, समाजसेवी, सङ्घसंस्था, प्रहरी, पत्रकारलगायतको उल्लेखनीय सहभागिता थियो।

किसानलाई निश्शुल्क विषादी वितरण

प्रस, सेढवा, १७ असोज/

तस्वीरः प्रतीक
आकाष्मिक बाली संरक्षण सेवा
नि:शुल्क बिषादी वितरण कार्यक्रम

आकस्मिक बाली संरक्षण सेवा अन्तर्गत निश्शुल्क विषादी वितरण कार्यक्रम जीराभवानी गाउँपालिकामा सम्पन्न भएको छ।

कृषि ज्ञान केन्द्र पर्साको आयोजनामा वडा नं ३ को बितो महतो जनता मावि जीतपुर नौकाटोलामा सम्पन्न कार्यक्रममा किसानहरूलाई विषादी वितरण गरिएको थियो।

वर्षेबाली धानको पात सेतो हुँदै रातो हुने खौरो फर्के रोगका लागि तीन सयजना किसानलाई विषादी वितरण गरिएको थियो।

कार्यक्रममा जीराभवानी गापाका वडाध्यक्ष उमेशकुमार सिंह, कृषि ज्ञान केन्द्र पर्साका निमित्त प्रमुख मुनीलाल प्रसाद, बाली संरक्षण अधिकृत समसुल हक मियाँ, कृषि प्रचार अधिकृत कुशेश्वर यादवलगायतको सहभागिता थियो।

ढलान सडकको निरीक्षण

प्रस, वीरगंज, १७ असोज/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले नगरस्तरीय बजेटबाट वीरगंज-१४ पिपरामा निर्माण भएको भौतिक संरचनाको अनुगमन गरेका छन्।

वीरगंज-१४ पिपरा नयाँबस्तीमा निर्माणाधीन ढलान सडकको आइतवार स्थलगत अनुगमन गरेको नगरप्रमुख सरावगीले ढलान भइरहेको सडकसँग जोडिएको सहायक सडकलाई पनि ढलान गर्न निर्देशन दिए। अनुगमनका क्रममा उनले गुणस्तरीय निर्माणमा स्थानीयको पनि चासो र चिन्ता हुनुपर्ने बताए। उनले महानगरपालिकाको बजेट खेर जान नदिन नगरवासीको पनि उत्तिकै जिम्मेवारी हुनुपर्ने बताउँदै कहींकतै कमसल निर्माण सामग्री प्रयोग भएको त छैन र गुणस्तरहीन काम भए खबरदारी गर्न सुझाए।

ठेकेदार र उपभोक्ता समितिले आर्थिक लाभ लिने उद्देश्यले गुणस्तरहीन काम गरेमा स्थानीयवासीले खबरदारी गर्नुपर्ने उनले बताए। जहाँ विकासका काम भइरहेको छ, त्यहाँका मानिसले निगरानी बढाउने हो भने कमसल काम हुनै नसक्ने उनको दाबी थियो। अनुगमनका क्रममा नयाँबस्तीमा देखिएका अन्य समस्याहरूको बारेमा पनि स्थानीयले नगरप्रमुख सरावगीलाई जानकारी गराएका थिए।

४० जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १७ असोज/

तस्वीरः प्रतीक
रक्तदान गरौं जिवन दान गरौं

वीरगंज पब्लिक कलेज द लोडर्स क्लबको आयोजनामा आइतवार कलैया उपमहानगरपालिकामा आयोजित रक्तदान कार्यक्रममा पाँचजना महिलासहित ४० जनाले रक्तदान गरेका छन्। रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले कार्यक्रममा अब्दुल अन्सारी, अनामिका गुप्ता, सन्देश पटेल, आनन्द चौहान, मीनबहादुर श्रेष्ठ, किरण न्यौपाने, सुरज सोनार, अञ्जली सर्राफ, मैनादेवी सोनार, मनीष सर्राफ, खुश्बु केसरीलगायतले रक्तदान गरेको बताए।

राष्ट्रियसभाका पूर्व सदस्य अग्रवालको निधनमा श्रद्धाञ्जलि

कलैया, १७ असोज/रासस

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले राष्ट्रियसभाका पूर्व सदस्य विश्वनाथ अग्रवालको ८८ वर्षको उमेरमा भएको निधनले पार्टीलाई ठूलो क्षति पुगेको बताएका छन्।

विभिन्न रोगबाट थला परेका अग्रवालको शनिवार राति निधन भएको थियो। बारा, सदरमुकाम कलैयामा आज स्व अग्रवालको पार्थिव शरीरमा पार्टीको झन्डा ओढाई अन्तिम श्राद्धाञ्जलि अर्पण गर्दै नेता रिजालले मुलुकमा प्रजातन्त्र ल्याउन अग्रवालले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए।

सोही पार्टीका केन्द्रीय सदस्यद्वय फरमुल्लाह मंसुर तथा राधेचन्द्र यादव, बारा जिल्ला सभापति जयचन्द्र चौरसिया, संविधानसभा सदस्य शोभाकर पराजुलीलयायतले श्राद्धाञ्जलि दिएका थिए।

अन्तर्राष्ट्रिय समाचार

कोरोनाको खोप उपलब्धताका लागि आग्रह

संयुक्त राष्ट्रसङ्घ, १७ असोज/सिन्ह्वा

विश्वका ७५ देशले कोरोना भाइरसविरुद्ध खोपको अधिकारका लागि आवाज उठाएका छन् । ती देशले संसारका सबै देशले कोरोनाविरुद्ध खोप पाउनुपर्ने भन्दै यसका लागि आफ्नो पक्षबाट आवाज उठाउने पनि जनाएका छन् ।

संयुक्त राष्ट्रसङ्घको महासभामा आएका ती देशले विश्व नै महामारीको चपेटामा परेकोले विश्वका सबै देशलाई महामारीबाट बच्ने अधिकार रहेको र यसका लागि खोप उपलब्ध हुनुपर्ने बताएका हुन् । महासभामा आयोजना गरिएको एक बैठकमा विश्वका ती देशले कोरोना भाइरस महामारीको कुनै सीमा नरहेको र विश्वका देशहरूमा पनि एकनासले यसले प्रवेश गरेको भन्दै सो आवाज उठाएका हुन् ।

उक्त बैठकमा चीन पनि सहभागी थियो । चीन कोरोना भाइरसविरुद्ध खोप उत्पादन गर्ने ठूला देशहरूमध्ये एक हो । सो बैठकमा चीनले पनि विश्वमा खोपमा समानता हुनुपर्ने बताएको थियो । राष्ट्रसङ्घमा चिनियाँ प्रतिनिधिले सो धारणा राखेका थिए ।

सो बैठकमा सहभागी भएपछि ती देशका प्रतिनिधिहरूले कोरोना भाइरसलाई विश्वकै जनस्वास्थ्यको एक प्रमुख चुनौतीका रूपमा लिँदै त्यसविरुद्ध लड्न सबैको आवश्यक सहयोग रहेको बताएका थिए ।

ANTONIO GUTERRES

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गटेरस । तस्वीरः फाइल

बेलायतमा कोरोना सङ्क्रमण घटेन, एकैदिन ३० हजारभन्दा सङ्क्रमित

बेलायत/सिन्ह्वा

बेलायतमा पछिल्लो समयमा कोरोना भाइरसका सङ्क्रमितहरू बढ्दै गएको पाइएको छ । यहाँ सङ्क्रमणको अवस्था घट्ने नदेखिएको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । यहाँ एकै दिनमा ३० हजारभन्दा बढी मानिसमा कोरोना भाइरसको सङ्क्रमण देखिएको जनाइएको छ । गएको २४ घण्टामा अर्थात् शनिवार मात्र यहाँ ३० हजार ३०१ जना सङ्क्रमित थपिएका सो समाचारमा जनाइएको छ ।

प्राप्त समाचार अनुसार अघिल्लो दिन पनि ३० हजारभन्दा बढी नै सङ्क्रमित भेटिएको पाइएको थियो । शनिवार भेटिएकासमेत गरी बेलायतमा अहिलेसम्म ७८ लाख ७१ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन् । लन्डनमा कोभिड–१९ को अवस्था केही हप्ता अघिसम्म सामान्यजस्तो देखिए पनि पछिल्ला दिनमा बढ्दै जान थालेको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन्

त्यसैगरी यहाँ गएको २४ घण्टा यतामात्र १२१ जनाको यस सङ्क्रमणबाट मृत्यु भएको बताइएको छ । थपिएको यो मृत्युसँगै ज्यान जानेको सङ्ख्या १ लाख ३६ हजार ९१० जना पुगेको बताइएको छ । अधिकारीहरूले यहाँ पछिल्ला केही दिन यता सङ्क्रमितहरू थपिने र मृत्युको सङ्ख्या बढ्न थालेको जनाएका छन् । उनीहरूले हरेक दिन ३० हजारभन्दा पनि बढी सङ्क्रमितहरू थपिने गरेको जानकारी दिएका छन् ।

बेलायतमा कोरोना सङ्क्रमणमुक्त भएकी महिला अस्पतालबाट बाहिरिँदै । तस्वीरः रायटर्स

भारतमा कोभिडका थप २२ हजार ५०० भन्दा बढी सङ्क्रमित

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट थप २२ हजार ५०० भन्दा बढी सङ्क्रमित भएका छन् । भारतमा कोरोना सङ्क्रमणको कारण शनिवार थप २४४ जनाको मृत्यु भएको छ । योसँगै कोरोना सङ्क्रमणबाट भारतमा हालसम्म चार लाख ४८ हजार ८१७ व्यक्तिको मृत्यु भएको बताइएको छ ।

सरकारी अधिकारीले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा २२ हजार ८४२ जना सङ्क्रमित भएका हुन् । अघिल्लो दिन शनिवार बिहान सार्वजनिक जानकारी अनुसार एक दिनमा २४ हजार ३५४ जना नयाँ सङ्क्रमित थपिएका थिए । शनिवारभन्दा आइतवार सङ्क्रमितको सङ्ख्या घटेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमवार जानकारी दिएको छ ।

यस अघि दैनिक सङ्क्रमितको सङ्ख्या १८ हजारको हाराहारीमा पुगेकोमा अहिले फेरि बढेको हो । सङ्क्रमित र मृत्यु भएकामध्ये धेरै केरला राज्यका छन् । अन्य क्षेत्रमा महामारी कम हुँदै गए पनि केरलामा भने बढ्दै गएको पाइएको छ । हिजो एकै दिन केरलामा १३ हजार २१७ जना नयाँ सङ्क्रमित थपिए भने १२१ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थाका दुई लाख ७० हजार ५५७ मानिस रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । भारतमा पछिल्लो समय दैनिक सङ्क्रमित र सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको तथ्याङ्कले देखाएको छ ।

दैनिक सङ्क्रमितको सङ्ख्याभन्दा दैनिक सङ्क्रमणमुक्त हुनेको सङ्ख्या धेरै भएकोले सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको हो । शनिवार दिनभर २२ हजार ८४२ सङ्क्रमित हुँदा २५ हजार ९३० जना सङ्क्रमणमुक्त भएका मन्त्रालयले जनाएको छ ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमणमुक्त सङ्ख्या तीन करोड ३० लाख ९४ हजार ५२९ रहेको अधिकारीले जनाएका छन् ।

भारतको चिकित्सा अनुसन्धान परिषद्का अनुसार कोरोना शुरू भएदेखि हालसम्म भारतमा ५७ करोड ३२ लाख जनाको कोरोना परीक्षण गरिएको छ । भारतमा गत जनवरी १६ तारिखदेखि कोरोनाविरुद्ध खोप अभियान शुरू गरिएको हो ।

सो समयपछि हालसम्म ९० करोड ५१ लाख डोज खोप लगाइएको छ । रासस

साउदी छिर्न खोज्ने सात यमनी आप्रवासी मारिए

साना, १७ असोज/सिन्ह्वा/रासस

साउदी अरेबिया छिर्न खोज्ने सातजना यमनी आप्रवासी साउदी अबेरिबयाको सीमा क्षेत्रमा मारिएका छन् । ती आप्रवासीहरू जबर्जस्ती साउदी अरेबिया छिर्न खोजेको बताइएको छ ।

त्यस क्रममा भएको सीमा सुरक्षा बलको कारबाहीमा परेर ती आप्रवासी मारिएका बताइएको छ । शुक्रवार यमनको मोनाबिह जिल्लामा ती आप्रवासी मारिएका हुन् ।

सीमामा पर्ने सो उपत्यकाबाट उनीहरू साउदी अरेबिया जान खोज्दैथिए । त्यस क्रममा अरू २१ जना घाइते भएका बताइएको छ ।

घाइतेहरूलाई यमनी अस्पताल पुऱ्याइएको छ । उक्त उपत्यकाबाट साउदी छिर्न खोज्ने कैयौं आप्रवासी र प्रहरीबीच केही दिन यता भिडन्त हुने गरेको पनि बताइएको छ । रासस

ढुक्कसँग मर्न चार दशकपछि ऋण चुक्ता गरे वृद्ध पवन न्यौपानेले

जीतलाल श्रेष्ठ, निजगढ, १७ असोज/

ऋण लिएपछि प्रायः सम्बन्ध बिग्रने, ऋणी बेपत्ता हुने अहिलेको समयमा पुरानो ऋण तिर्न ऋणी खोजी/खोजी साहुको घर आएको घटना सुन्दा जो कोहीलाई अचम्म लाग्न सक्छ ।

आजभन्दा लगभग ४२ वर्ष पहिले १५ रुपियाँ मूल्य बराबरको तोरीको बीउ उधारो लिएर गएका ७६ वर्षीय पवन न्यौपाने पुरानो पसल खोज्दै शुक्रवार दिउँसो निजगढ आएका थिए ।

ऋण लिएपछि उनी हेटौंडा बसाइ सरे । आफूले उधारो लगेको वस्तुको मेल तिर्न नसकेको भन्दै न्यौपानेले साँवा र ब्याजसहित १५०० रुपियाँ साहुलाई बुझाएका हुन् ।

त्यस बेला उधारो लगेको हेक्का अहिले नभएको भन्दै किराना पसल व्यवसायी निजगढ नपा–८ का ८६ वर्षीय नरहरि श्रेष्ठले पैसा लिन मानेनन् । तर न्यौपानेको जिद्दी र अनुरोधको अगाडि उनको केही चलेन र रकम बुझे ।

मर्ने उमेरमा ऋण चुक्ता गर्न मकवानपुर, हेटौंडा थानाभञ्ज्याङबाट निजगढ आएको हुँ, ऋण नतिर्दा भगवान् सूर्य नारायणलाई त ग्रहण लाग्यो भने हामी त मनुष्य हौं । अहिलेसम्म ज्युँदै छु र त सम्झेर ऋण तिर्न आएको हुँ । म मरिसकेको भए आउथें र साहुजी ? त्यसै मरेपछि यमराजले यातना दिएर सबै असुल्छ भनेर हाम्रो धार्मिक ग्रन्थमा उल्लेख भएकोले ऋण तिर्न आएको हुँ । मर्ने उमेरमा ऋण तिरेर शान्तिले मर्न पाउँछु । तपाईले बिर्सनु भएपनि उधारो लिने मलाई राम्ररी सम्झना छ साहुजी । अन्यथा नमान्नुस् भन्दै ऋणीले एक घण्टा साहुलाई त्यस बेलाको कुरा सम्झाएपछि श्रेष्ठले रकम बुझेका थिए ।

म्याद गुज्रिएका सामान फेला

प्रस, निजगढ, १७ असोज/

निजगढमा रहेका होलसेललगायत अन्य पसलहरूमा आइतवार अनुगमन गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी मुरारी कार्कीको नेतृत्वमा घरेलु तथा साना उद्योग कार्यालय बाराका उद्योग अधिकृत अरविन्द यादव, जिल्ला प्रशासन कार्यालय बाराका नायब सुब्बा रत्नबहादुर स्याङ्तान, साबिर अन्सारी, निजगढ नगरपालिकाका अधिकृत पद्मराज तिमल्सिना, निजगढ नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामकृष्ण नेपाल, दीपेन्द्र श्रेष्ठ, सुवास चौलागाईं, इलाका प्रहरी कार्यालय निजगढका प्रमुख शङ्करप्रसाद चौधरी, पत्रकार गोकुल घोरसाइने, जीतलाल श्रेष्ठलगायतको टोलीले अनुगमन गरेको हो ।

निजगढका विभिन्न होलसेल र खुद्रा पसलमा गरी लगभग ७० हजार मूल्यबराबरका म्याद नाघेका पेय पदार्थ, कोकाकोला, फेन्टा, स्प्राइट, तेल, जुस, बिस्कुटलगायतका सामानहरू जफत गरिएको छ ।

अनुगमनका क्रममा म्याद गुज्रिएका कुनै पनि सामानहरू बिक्री वितरण नगर्न र पसल व्यवसायमा सरसफाइ गर्न, मूल्यसूची ग्राहकहरूले देखिने स्थानमा राख्न, पसल सञ्चालनका लागि आवश्यक कागजात चुस्त–दुरुस्त राख्न आग्रह गरिएको थियो । सुझाव कार्यान्वयन नगरे कानूनी कारबाही अघि बढाउने सप्रजिअ कार्कीले चेतावनी दिए । दशैं, तिहार, छठ पर्व आउने समयमा पसलहरूमा उपभोक्ताहरूको भीडभाड बढ्ने र त्यसै बेला म्याद गुज्रिएका सामानहरू बिक्री वितरण हुन सक्नेप्रति लक्षित गरी अनुगमन गरिएको निनपाका अधिकृत तिमल्सिनाले बताए । आफूहरूले उपभोग गर्ने वस्तु, खाद्यान्नहरू खरीद गर्दा उपभोक्ताहरू पनि सचेत हुनुपर्ने निनउवा सङ्घका अध्यक्ष नेपालले बताए ।

टोलीले आजै बाराको जीतपुरसिमरा उपमहानगरपालिका–२१ र २२ अमलेखगंज बजारमा रहेका पसलहरूको पनि अनुगमन गरेको नायब सुब्बा अन्सारीले बताए ।

कोरोनाविरुद्धको खोपका लागि बिहानैदेखि भीड

प्रस, बिरुवागुठी, १७ असोज/

पर्सागढी नगरपालिका–२ मा रहेको स्वास्थ्य चौकी बगवन्नामा आज कोभिड–१९ विरुद्ध खोप लगाउन बिहानै देखि मानिसहरूको भीड लागेको छ ।

कोभिड–१९ रोग रोकथाम तथा नियन्त्रणका लागि पर्सागढी नगरपालिका कार्यालयले १७ गतेदेखि १९ गतेसम्म ३५ वर्षभन्दा माथि समूहका सबै र १८ वर्ष भन्दामाथिका पहिलो खोप लगाएकालाई र सोही उमेर समूहका खोप लगाउन छुटेका विद्यार्थीहरूलाई नजीकको स्वास्थ्य चौकीमा खोप लगाउन शुरू गरिएको छ ।

पर्सागढी नगरपालिकामा एक स्वास्थ्य केन्द्र र चार स्वास्थ्य चौकी छ । सम्पूर्ण स्वास्थ्यचौकीहरूमा भेरोसेल खोप लागिरहेको छ ।

स्वास्थ्य चौकी
बागवाना

कोभिड–१९ विरुद्ध खोपका लागि लामबद्ध मानिसहरू । तस्वीरः प्रतीक

ठूलो बाघमोर्चामा पुल निर्माणको शिलान्यास

प्रस, ठोरी, १७ असोज/

ठोरी गाउँपालिका–५ मा रहेको सानो बाघमोर्चा र ठूलो बाघमोर्चा जोड्ने झोलुङ्गे पुलमुनि पक्की पुल बन्ने भएको छ । ठोरी गापाले चालू आर्थिक वर्षमा सो पुल निर्माणका लागि विनियोजन गरेको रु ५० लाख बजेटबाट पुल निर्माण हुन लागेको हो ।

कुल १६.६० मिटर लम्बाइ र ५.५ मिटर चौडाइको पुल निर्माणको लागि आइतवार ठोरी गापा अध्यक्ष पद्मलाल श्रेष्ठले शिलान्यास गरे । ठोरीकै ऐतिहासिक बाघमोर्चामाई मन्दिर तथा तामाङ समुदायको उल्लेख्य बसोबास रहेको ठूलो बाघमोर्चालाई वीरगंज–ठोरी हुलाकी सडकसँग जोड्नेको लागि पुल निर्माण गर्न लागिएको गापा अध्यक्ष श्रेष्ठले बताए । झोलुङ्गे पुलबाट दुई

(बाँकी अन्तिम पातामा)

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

अनाथ आश्रमद्वारा नारायण रूँगटालाई सम्मान

प्रस, वीरगंज, १७ असोज/

रौतहटको गरुडामा रहेको वंशीराम अनाथ आश्रमले रूँगटा वेलफेयर सोसाइटी वीरगंजका सदस्य नारायण रूँगटालाई सम्मान गरेको छ।

रूँगटा वेलफेयर सोसाइटीले अनाथ आश्रममा बेलाबखत कम्बल, खाद्यान्नलगायतका सामग्री सहयोग गर्दै आएको हुँदा सोसाइटीका सदस्य रूँगटालाई सम्मान गरिएको हो। अनाथ आश्रमका संस्थापक वंशीधर जैसवाल, संस्थापक सदस्य डा नन्दकिशोर झा, व्यवस्थापक हृदयबहादुर कश्यप, गायत्री देवी, मन्दिरका पुजारी तथा बालबालिकाहरूले रूँगटालाई सम्मान गरेका थिए।

तस्वीरः प्रतीक

सो अवसरमा रूँगटाले अनाथ आश्रमलाई आवश्यकता अनुसारको सहयोग उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरे।

आश्रमका संस्थापक जैसवालले दाताहरूबाट आश्रम सञ्चालन भइरहेको र ३५ जना बालबालिका हुर्की बढिरहेको बताए। उनले आश्रममा रहेका बालबालिकाहरूमध्ये कक्षा ५ सम्म अध्ययन गर्नेलाई आश्रममैं रहेको सामुदायिक विद्यालयमा अध्यापन गराएको र त्यसपछिको शिक्षा आश्रमबाहिरका विद्यालयमा दाताहरूको सहयोगबाटै निश्शुल्क गर्दै आएको बताए। उनले कक्षा १० पछि आश्रित बालबालिकाहरू आश्रममा बस्ने अथवा स्वतन्त्र जीवन बिताउने विषयमा स्वतन्त्रता दिइने बताए।

ठूलो बाघमोर्चामा पुल......

पाङ्ग्रे सवारी आवतजावत हुने भएपनि चार पाङ्ग्रे सवारी ओहोरदोहोर गर्न खोलाको कारण समस्या भएकोले ठूलो बाघमोर्चावासीलाई वर्षात्मा एम्बुलेन्स लैजान कठिन भएकोले पुल निर्माण गर्न बजेट विनियोजन गरिएको अध्यक्ष श्रेष्ठले बताए। पुल निर्माण सम्पन्न भएपछि ठूलो बाघमोर्चावासी र बाघमोर्चामाई मन्दिर दर्शनका लागि जाने भक्तजनहरूलाई पनि सहज हुने उनले बताए।

पुल निर्माण चालू आर्थिक वर्षभित्र सक्ने गरी कोइराला कन्स्ट्रक्शनले ठेक्का सकारेको छ। गापा कार्यालयसँग सम्झौता अवधिमा नै पुल निर्माणको काम सकिने गरी पुल निर्माण गरिने कन्स्ट्रक्शनका प्रोप्राइटर सूर्य कोइरालाले बताए।

उद्योगलाई छेलोखेलो.....

कार्यकारी निर्देशक घिसिङको भनाइ छ। त्यस्तै देशका विभिन्न औद्योगिक शहरमा माग अनुसार थप बिजुली उपलब्ध गराउन प्रसारण तथा वितरण लाइन तथा सबस्टेशन विस्तार कार्य व्यापकरूपले अगाडि बढाइएको छ। सबै प्रकारका ग्राहकलाई, क्षमता वृद्धि वा थप बिजुली माग भएमा सरल र सहज हिसाबले शीघ्र उपलब्ध गराउनेगरी व्यवस्था मिलाइएको छ।

आयोगको सुनुवाइका क्रममा व्यवसायी एवं एनएमबी बैंकका अध्यक्ष पवनकुमार गोल्यानले विदेश निर्यात गर्नुभन्दा देशभित्रै थप बिजुली उपलब्ध गराउन प्राधिकरणलाई आग्रह गरेका थिए। उनले प्राधिकरणले थप बिजुली उपलब्ध गराए लिन तयार रहेको बताएका थिए। सोही आग्रहका आधारमा प्राधिकरणले ठूला औद्योगिक ग्राहकलाई थप बिजुली दिन लागेको हो। प्राधिकरणले १३२ केभी क्षमताको प्रसारण लाइनको आसपासमा विद्युत् माग गरेमा तत्काल उपलब्ध गराइने उल्लेख गरेको छ।

सकेसम्म प्राधिकरणको प्रसारण तथा वितरण लाइन एवं सबस्टेशन भएको स्थानबाट नजीक उद्योग स्थापना गरी आवश्यक विद्युत् माग गर्न भनिएको छ। प्रसारण लाइन एवं सबस्टेशनबाट टाढा भएमा कहिलेसम्म के कति मात्रामा बिजुली चाहिने हो यथार्थ विवरण खुलाई तत्काल माग गर्नसमेत प्राधिकरणले आग्रह गरेको छ। प्राविधिक दृष्टिकोणबाट सम्भव भएका स्थानबाट तत्काल र प्राविधिक दृष्टिकोणबाट तत्काल सम्भव नभएका स्थानमा प्राधिकरण थप लाइन तथा सबस्टेशन विस्तार गर्न पनि तयार रहेको जनाइएको छ।

त्यस्ता स्थानमा छिटोभन्दा छिटो बिजुली आपूर्ति गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। उद्योगीका अनुसार थप ५०० देखि ८०० मेगावाटसम्म थप बिजुली माग रहेको छ। त्यसमा सबैभन्दा बढी सिमेन्ट र छड उद्योगले थप माग गरेको अवस्था छ। प्रसारण लाइन निर्माण नभएका कारण चिनियाँ लगानीको होङसी सिमेन्ट उद्योगले बिजुली पाउन सकेको छैन। सो उद्योगले मात्रै ८० मेगावाट माग गरेको अवस्था छ।

यस्तै अन्य सिमेन्ट उद्योगले पनि क्षमता वृद्धिका लागि बिजुली माग गरेका छन्।

बाह्य बजार खोज्दै हिंड्नुभन्दा देशभित्रै बिजुलीको बजार खोज्न प्राधिकरण लागिपरेको छ। कार्यकारी निर्देशक घिसिङले माग अनुसारको बिजुली उपलब्ध गराउन प्राधिकरण तयार रहेको जानकारी दिएका छन्।

स्वास्थ्य नै ठूलो धन हो।

कोभिड-१९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं, अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं।

- अनिवार्यरूपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्यरूपमा मास्क लगाउन सुसूचित गरौं।
- सेवा प्रवाहमा भौतिक दूरी कायम गरौं।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजीकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

खेलकुदको संसार

अमृत युवा क्लब र वनशक्ति युवा क्लब विजयी

चिरञ्जीवी सापकोटा, ठोरी, १७ असोज/

ठोरी गाउँपालिका-२ को ब्यारेक खेलमैदानमा जारी दशैं कप-२०७८ को आइतवार पाँचौं दिनको पहिलो खेलमा युवा हरियाली क्लब 'बी' हनुमाननगरलाई अमृत युवा क्लब 'बी'ले एक गोलअन्तरले पराजित गरेको छ। आजको खेलमा अमृत युवा क्लबका खेलाडी सुरेश खवासले गरेको एक गोल नै निर्णायक भयो। उनी नै पहिलो खेलको 'म्यान अफ दी म्याच' घोषित भएको आयोजक समितिका गोपाल भण्डारीले बताए।

तस्वीरः प्रतीक

यसैगरी, दोस्रो खेलमा आयोजक वनशक्ति युवा क्लब 'ए' ठोरी-२ ले बुद्धनगर युथ क्लब ठोरी-३ लाई एकका विरुद्ध चार गोलअन्तरले पराजित गरेको छ। बुद्धनगरले एक र वनशक्तिले चार गोल गरेको थियो। मध्यान्तरपूर्वकै खेलमा वनशक्ति युवा क्लबका राज तामाङले पहिलो गोल गरी टीमलाई अग्रता दिलाए। मध्यान्तरपछिको खेलमा तामाङले नै दोस्रो गोल गरेका थिए। त्यसपछि बुद्धनगर युथ क्लबका निराजन श्रेष्ठले एक गोल फर्काए। लगत्तै वनशक्तिका मन्दीप तामाङ र अशोक बस्नेतले एक/एक गोल गरी क्लबलाई जीत दिलाएका थिए।

दोस्रो खेलको 'म्यान अफ दी म्याच' वनशक्ति युवा क्लबका अशोक बस्नेत घोषित भए।

भोलिको पहिलो खेल श्रीस्टार युवा क्लब ठोरी-१ र निर्मलबस्ती युवा क्लब ठोरी-४ बीच हुनेछ भने दोस्रो खेल जनचेतना युवा क्लब ठोरी-१ र अमृत युवा क्लब 'ए' बीच हुने खेल संयोजक सुनील लामाले बताए।

"ए डिभिजन" राष्ट्रिय फूटसल लिग : सविन, ढुकु र शङ्खमूलको जीत

काठमाडौं, १७ असोज/रासस

अभिनाश तामाङको दोहोरो ह्याट्रिकसँगै घरेलु टोली सविन मेमोरियलले पोखरामा जारी 'ए डिभिजन' राष्ट्रिय फूटसल लिगमा महत्त्वपूर्ण जीत दर्ता गरेको छ। पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय कभर्डहलमा आइतवार भएको प्रतिस्पर्धामा सविन मेमोरियलले प्रभातफेरी युथ क्लबमाथि ८-४ गोलअन्तरको जीत निकालेको हो।

जीतसँगै आठ खेलबाट १३ अङ्क जोडेको सविनको 'प्ले अफ'मा पुग्ने सम्भावनासमेत कायमै राखेको छ। समान खेलबाट प्रभातफेरीको भने सात अङ्क मात्र छ। तामाङले मध्यान्तरअघिको पाँचौं मिनेटमा गोल गर्दै अग्रता दिलाएकामा १२औं मिनेटमा दुई गोल गर्दै पहिलो ह्याटिक गरे।

यसैगरी, मध्यान्तरपछिको २२औं र २३औं तथा ३०औं मिनेटमा गोल गर्दै दोस्रो ह्याट्रिक पूरा गरेका थिए। लिगको एकै खेलमा दोहोरो ह्याट्रिक गर्ने पहिलो खेलाडी बनेका तामाङ लिगकै सर्वाधिक गोलकर्ता खेलाडीको सूचीमा रहेका छन्। उनले हालसम्म १८ गोल गरेका छन्। सविनका मनोज गुरुङले दुई गोल गरेका थिए।

प्रभातफेरीका डोना थापाले दुई तथा एक्लेस कार्की र नवीन लामाले एक/एक गोल गरे। यसैगरी, ढुकु फूटसल केन्द्र र मछिन्द्र स्काइ गोल्सका बीचको खेलमा ढुकु फूटसल विजयी भएको छ। ढुकुले मछिन्द्रलाई ७-५ गोलअन्तरले पराजित गर्न सफल भयो। ढुकुको जीतमा विक्रान्त नरसिंह रानाले चार, उरकेन शेर्पा र प्रसिद्ध मगरले एक/एक गोल गरे। मछिन्द्रका लागि अमित तामाङले दुई तथा मनोज राई, आशिष सुनम र कप्तान संजोग चाम्लिङले समान एक/एक गोल गरे।

अन्तिम खेलमा शङ्खमूल फूटसलले झरना फूटसललाई ७-० को फराकिलो गोलअन्तरले पाखा लगायो। शङ्खमूलका जेनिस प्रजापतिले ह्याट्रिक गरे। योगेश श्रेष्ठ, सविन खड्का, आरजु सिंह र क्रिजल खड्काले समान एक/एक गोल गरेका थिए। अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले देशमैं पहिलोपटक फूटसल लिगको आयोजना गरेको हो। असोज २ गतेदेखि सञ्चालन भइरहेको लिग आगामी असोज २२ गतेसम्म जारी रहनेछ।

नेपाललाई चार स्वर्ण

काठमाडौं, १७ असोज/रासस

जर्मनीमा भएको चेम्निज ओपन कराँते च्याम्पियनशिपमा नेपालले चार स्वर्ण र दुई कांस्य पदक जितेको छ। नेपालका मन्डेकाजी श्रेष्ठले दोहोरो स्वर्ण जिते। उनले पुरुष सिनियर एकल काता र ३० वर्षमाथि उमेर समूहमा स्वर्ण जितेका हुन्। मन्डेकाजी १३औं दक्षिण एसियाली खेलकूद (साग)का दोहोरो स्वर्ण विजेता पनि हुन्।

सागकै कांस्य विजेता मुकुन्द महर्जनले ३० वर्षमाथि स्वर्ण र कुमुतेको पुरुष ७५ किलोमुनि कांस्य जिते। त्यस्तै, सुमन तिमल्सिनाले पुरुष सिनयर एकल कातामा कांस्य तथा आफ्नो उमेर समूहमा स्वर्ण हात पार्न सफल भएको नेपाली टोलीका टीम व्यवस्थापक स्वच्छम गुरुङले जानकारी दिए।

उक्त प्रतियोगितामा जर्मनी, पोल्यान्ड, अस्ट्रिया, अजरबैजान, इरान, नेदरल्यान्ड्स, स्पेन, बेल्जियमलगायतका राष्ट्रको सहभागिता थियो।

इपिल-विराटनगरको जीत

काठमाडौं, १७ असोज/रासस

विराटनगर वारियर्सले चौथो संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल) टी-ट्वान्टी क्रिकेटको अन्तिम खेलमा पहिलो जीत दर्ता गराएको छ।

तस्वीरः सौजन्य

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको आफ्नो अन्तिम खेलमा विराटनगरले काठमाडौं किङ्स-११ लाई ७ रनले पराजित गर्दै इपिएलमा सान्त्वना जीत दर्ता गराएको हो।

विराटनगरले दिएको १०५ रनको लक्ष्य पछ्याएको काठमाडौंले निर्धारित ८ ओभरमा ३ विकेट गुमाएर ९७ रनको योगफल बनायो।

काठमाडौंका रहमानुल्लाह गुर्बाजले सर्वाधिक २८ रन बनाए भने सुवास खकुरेलले २६, राजु रिजालले २४ र रायन बुर्लले १५ रन बनाए। बलिङतर्फ विराटनगरका रायन पठानले दुई र प्रतिश जिसीले एक विकेट लिए।

वर्षाका कारण आठ ओभरमा छोट्याइएको खेलमा काठमाडौंविरुद्ध पहिले ब्याटिङ गरेको विराटनगरले ५ विकेट गुमाएर १०५ रनको लक्ष्य दिएको थियो। विराटनगरको जीतमा अनिल साहले १६ बलमा अविजित रहँदै सर्वाधिक ४५ रनको योगदान गरे। त्यस्तै रायन पठानले ३० रन जोडे भने कप्तान करण केसीले १५ रनको योगदान गरे। सौरभ खनाल ५ रनमा अविजित रहँदा, सिकन्दर राजा ४, आशिफ शेख २ र दिलशान मुनाविरा १ रनमा आउट भए।

बलिङतर्फ काठमाडौंका कप्तान सन्दीप लामिछाने, गुलशन झा र रायन बर्लले एक-एक विकेट लिए। विराटनगरले ५ खेलमा २ अङ्क जोड्यो। अघिल्लो चार खेल गुमाएको विराटनगर अङ्क तालिकाको पुछारमा छ। काठमाडौं ३ खेलमा २ अङ्क जोडेर पाँचौं स्थानमा छ।